# येशू ख्रीष्ट को हुनुहुन्छ?

जे.सी चोएट्स

के संसारका धेरै मानिसहरुले येशू ख्रीष्टको नाम कहिल्यै सुनेका छैनन् होला? धेरै जसोले सुन्नुभएको छ। उहाँको बारेमा सुनेका धेरै जना अलमलमा परेका छन् र उहाँ वास्तवमा को हुनुहुन्छ भनी थाहा छैन्। लाखौंले उहाँमा विश्वास गर्छन्, यसको साथै धेरैले गर्दैनन्। येशू ख्रीष्ट को हुनुहुन्छ?

**येशू ख्रीष्ट सुरुमा परमेश्वरसँग हुनुहुन्थ्यो।** हिब्रू १:३ ले उहाँलाई परमेश्वरको महिमाको चमक र उहाँको व्यक्तिको अभिव्यक्त छविको रुपमा वर्णन गर्दछ। यूहन्ना १:१ ले उहाँलाई "वचन" भनी भन्दछ, उहाँ सुरुमा परमेश्वरसँग हुनुहुन्थ्यो र उहाँ परमेश्वर हुनुहुन्थ्यो। यसको अर्थ उहाँ परमेश्वर र पवित्र आत्मासँगै ईश्वरत्वका व्यक्तिहरुमध्ये एकजना हुनुहुन्छ। परमेश्वरलाई अनन्तको रुपमा वर्णन गरिएको छ, जसको कुनै प्रारम्भ र अन्त्य छैन, येशू ख्रीष्टको सन्दर्भमा पनि त्यस्तै छ (यशैया ६३:१६)। उहाँ हिजो, आज र सदसर्वदा उस्तै हुनुहुन्छ भनिएको छ (हिब्रू १३:८), परमेश्वरको सृष्टिको शुरुवाट (प्रकाश ३:१४), पहिलो र अन्तिम (प्रकाश २२:१३) हुनुहुन्छ।

**येशू ख्रीष्ट सबै कुराको सृष्टिकर्त्ता हुनुहुन्थ्यो।** उत्पति १:१ मा हामी पढ्छौं कि "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो।" परमेश्वरको लागि हिब्रू शब्द बहुवचन रुप हो, जसमा पिता, वचन र पवित्र आत्मा समावेश हुनुहुन्छ। उत्पति १:२६ मा परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं।" पावलले कलस्सी १:१६,१७ मा येशू ख्रीष्टको बारेमा बोल्दै थप व्याख्या गर्नुभयो, "सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ...।"

**येशू ख्रीष्टको कुनै शारीरिक बुबा नहुनुभएको हुनाले परमेश्वरको शक्तिद्वारा कुमारी मरियमबाट जन्मनुभएको थियो।** उहाँको अद्वितीय जन्म धेरै शताब्दी अघि अगमवक्ता यशैयाद्वारा भविष्यवाणी गरिएको थियो: "यसैकारण परमप्रभु आफैले तिमीहरुलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानूएल राखिनेछ" (यशैया ७:१४)। मत्ती १:२०,२१ मा भनिएको छ, "जो तिनकी गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ। तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौं, किनभने उहाँले आफ्ना मानिसहरुलाई तिनीहरुका पापबाट बचाउनुहुनेछ।" यी पदहरुबाट हामी देख्न सक्छौं कि येशूको जन्म अचम्म तरिकाले भएको थियो। उहाँ केवल मानिसभन्दा पनि बढी हुनुहुन्थ्यो।

**येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्थ्यो,** उहाँले आफूलाई ईश्वरत्वमा निहित अधिकार र शक्तिहरुबाट मुक्त गरिदिनुभयो, उहाँले आफूलाई पिताको रुपमा परमेश्वरको अधिनमा राख्नुभयो, र उहाँको भौतिक जन्मद्वारा मानिसहरुको भाइ बन्नुभयो (फिलिप्पी २:३-८)।

मानिसलाई आफ्नो पापबाट बचाउन उहाँ संसारमा आउनुभयो। हामी यूहन्ना ३:१६,१७ मा पढ्छौं, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।" ख्रीष्ट आफैले भन्नुभयो, "किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो" (लूका १९:१०)।

**उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी प्रमाणित गर्न येशू ख्रीष्टले आश्चर्यकर्महरु गर्नुभयो।** यूहन्नाले उहाँका आश्चर्यकर्महरुका बारेमा लेख्दछ, "येशूले अरु धेरै चिन्हहरु चेलाहरुका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। तर यी लेखिएका छन्, कि तिमीहरुले येशू परमेश्वरको पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्धारा उहाँको नाउँमा तिमीहरुलाई जीवन प्राप्त होस्" (यूहन्ना २०:३०,३१)।

**उहाँमा विश्वास गर्ने सबैलाई मुक्ति दिन र अनन्त जीवनको आशा पाउन सकून भनी येशू ख्रीष्ट क्रूसमा मर्नुभयो।** हामी प्रेरित पावलका शब्दहरु पढ्छौं, "भाइ हो, मैले तिमीहरुलाई प्रचार गरेको सुसमाचार म तिमीहरुलाई याद दिलाउन चाहन्छु, जुन सुसमाचार तिमीहरुले ग्रहण गर्‍यौ, र जसमा तिमीहरु स्थिर रहन्छौ। यस सुसमाचारद्धारा तिमीहरुको उद्धार भएको छ, यदि त्यसमा तिमीहरु

अटल रहयौ भने, नत्रता तिमीहरुले व्यर्थैमा विश्वास गऱ्यौ...पवित्र धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो” (१ कोरिन्थी १५ :१-४) ।

येशू ख्रीष्टले आफ्नो परिवारमा आज्ञाकारीहरुलाई बचाउने प्रतिज्ञा गर्नुभयो, जसलाई उहाँले “मेरो मण्डली” भन्नुभयो (मत्ती १६:१८) । उहाँ मानिसहरुको यो शरीरको लागि मर्नुभयो, र उहाँको रगतमा धोएका सबैलाई बचाइएको छ र उहाँको मण्डलीमा थपिएको छ । यसलाई उहाँको शरीर भनिन्छ, जसको उहाँ शिर हुनुहुन्छ । यसलाई उहाँको दुलहीको रुपमा पनि वर्णन गरिएको छ, उहाँको नाम, ख्रीष्टको मण्डली हो (रोमी १:१६; एफिसी ५:२३,२५; प्रेरित २:४७; एफिसी ३:१५; प्रेरित ४:१२) । एक दिन उहाँ मानिसहरुको त्यो बचाइएको शरीरको लागि फर्केर आउनुहुनेछ ।

येशू ख्रीष्ट ईश्वरत्वमा (पिता, पुत्र र पवित्र आत्मा) दोस्रो व्यक्ति हुनुहुन्छ (मत्ती २८:१९,२०) । त्यहाँ एउटै परमेश्वर, एउटै प्रभु (ख्रीष्ट), र एउटै आत्मा (पवित्र आत्मा) हुनुहुन्छ (एफिसी ४:१-६) । ख्रीष्टसँग स्वर्ग र पृथ्वीमा सबै अधिकार छ (मत्ती २८:१८) । राजाहरुका राजा र प्रभुहरुका प्रभुको रुपमा शासन गर्दै पिताको दाहिले बाहुलीमा उहाँ अहिले बसिरहनुभएको छ (१ तिमोथी ६:१५) । एक दिन उहाँ आफ्ना जनहरु, मण्डलीलाई स्वर्गमा लैजान फेरि आउनुहुनेछ जहाँ तिनीहरु सधैंभरि बास गर्नेछन् । “ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्” (एफिसी ५:२५-२७) ।

“तिमीहरुको हृदय व्याकुल नहोस् । तिमीहरु परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर । मेरा पिताको घरमा बस्ने ठाँउहरु धेरै छन् । त्यसो नभए, के म तिमीहरुलाई भन्नेथिएँ र, कि तिमीहरुका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? अनि गएर मैले तिमीहरुका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउने छु, र तिमीहरुलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरु पनि हुनेछौ” (यूहन्ना १४:१-४) ।

के तपाई ख्रीष्टमा विश्वास गर्नुहुन्छ? उहाँले यूहन्ना ८:२४ मा चेतावनी दिनुभयो,“...म उही हुँ भनेर तिमीहरुले विश्वास गरेनौ भने आफ्ना पापमा मनेछौं ।” यदि हामीले उहाँमा विश्वास गर्छौं भने, हामी उहाँको आज्ञापालन गर्नेछौं (मर्कूस १६:१६), र मृत्युसम्म उहाँप्रति विश्वासयोग्य रहनेछौं (प्रकाश २:१०) । येशूले यो पनि चेतावनी दिनुभयो, “मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एउटा न्यायाधीश छन् जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ” (यूहन्ना १२:४८) ।

# येशू ख्रीष्ट को हुनुहुन्छ?

जे.सी चोएट्स

